


भोजपुर नगरपालिका, भोजपुर

हाम्रो भोजपुर नगरपालिका

asim design

# हाम्रो भोजपुर नगरपालिका

## स्थानीय पाठ्यपुस्तक

## कक्षा-१



भोजपुर नगरपालिका, भोजपुर

# हाम्रो भोजपुर नगरपालिका

## स्थानीय पाठ्यपुस्तक

## कक्षा १

| | |
|---|---|
| विद्यार्थीको नाम | : ...................................................... |
| रोल नं. | : ...................................................... |
| विद्यालयको नाम | : ........................................................ |

भोजपुर नगरपालिका

भोजपुर

**प्रकाशक** : भोजपुर नगरपालिका, भोजपुर
**सर्वाधिकार** : प्रकाशकमा
**संस्करण** : प्रथम, २०८१
**पेज लेआउट** : दुर्गाप्रसाद बराल
**कभर डिजाइन** : अर्जुन राई

**संरक्षक**
कैलाशकुमार आले
नगर प्रमुख
निर्मला शेर्पा
उपप्रमुख

**सल्लाहकार**
रामप्रसाद ढुङ्गेल
प्रमुख प्रशासकीय अधिकृत
पदमबहादुर प्रधान
शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

**लेखक**
लालकुमार तामाङ
विष्णुकुमार राई
दुर्गाप्रसाद बराल
लक्ष्मण जोशी
रक्तम राई

**भाषा सम्पादन**
विष्णुकुमार राई
रक्तम राई

## हाम्रो भनाइ

पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो । यस पक्षलाई दृष्टिगत गर्दै भोजपुर नगरपालिकाले वि.स. २०७८ सालमा यस नगरपालिकाका सबै विद्यालयमा लागू हुनेगरी कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यक्रम निर्माण गरिसकेको छ । सो पाठ्यक्रम लागू भएको छ । शिक्षण सिकाइका लागि पाठ्यक्रम नै मूल आधार भए पनि पाठ्यपुस्तकको निर्माण गर्दा थप प्रभावकारी र विद्यार्थीका लागि सजिलो हुने भन्ने अपेक्षा सबैबाट आएकाले नगरपालिकाद्वारा **हाम्रो भोजपुर नगरपालिका स्थानीय पाठ्यपुस्तक कक्षा १** नामक यो पाठ्यपुस्तक तयार पारिएको छ । बालबालिकाको स्तरअनुरुप तल्ला कक्षाहरूमा सम्बन्धित पुस्तकमै आवश्यक क्रियाकलापहरू गर्न मिल्ने गरी यो पुस्तक निर्माण गरिएकाले यसलाई पाठ्यपुस्तक तथा कार्यपुस्तक दुवैका रुपमा प्रयोग गर्न सकिने छ ।

व्यक्ति, समाज र देशको माग, चाहना र आवश्यकताको आधारमा पाठ्यक्रममा स्थानीय, राष्ट्रिय र विश्वव्यापी विषयवस्तुलाई प्राथमिकता दिइएको हुन्छ । विद्यार्थीमा सक्षमता विकास गर्न, असल व्यवहार कायम गर्न तथा जीवनोपयोगी सिप प्रदान गर्नका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू सिकारुमैत्री, व्यवहारोपयोगी र स्तरीय हुनुपर्दछ ।

नेपालमा संघीय लोकतन्त्रको स्थापनापछि शैक्षिक विकेन्द्रीकरणको अवधारणालाई आत्मसात गर्दै स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकासको अवधारणालाई सम्बोधन गर्न तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मूल मर्म अनुरूप भोजपुर नगरपालिकाले विद्यालय शिक्षाको आधारभूत तह (कक्षा १–८) का लागि स्थानीय पाठयक्रम **हाम्रो भोजपुर नगरपालिका** शीर्षकमा निर्माण गरेको छ । यस स्थानीय पाठ्यक्रममा भोजपुर नगरपालिकाको आफ्नै मौलिक स्थानीय आवश्यकता र विषयवस्तुलाई समेटेर साच्चिकै वस्तुनिष्ठ स्थानीय पाठ्यक्रमको निर्माण गरेको हो । यसका लागि नगरपलिकाले स्थानीय विज्ञ तथा स्थानीय जनशक्तिको ज्ञानसिपलाई उपयोग गरेको छ । स्थानीय पाठ्यक्रममा स्थानीय भौगालिक परिचय, ऐतिहासिक, साँस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा, जातजाति, भाषाभाषी तथा चाडपर्व, आर्थिक क्रियाकलाप र स्थानीय पेसा, व्यवसाय तथा रैथाने प्रविधि, स्थानीय तहको संरचना र विशिष्ट व्यक्तित्व, स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि, बिपद् रोकथाम तथा व्यवस्थापन र स्थानीय नैतिक मूल्य मान्यता जस्ता विषयवस्तुलाई समेटेर कक्षा १-५ मा जम्मा आठ ओटा थिम रहेका छन् । उक्त पाठ्यक्रममा निर्धारण गरिएका तहगत सक्षमता, कक्षागत सिकाइउपलब्धि तथा थिमगत सिकाइउपलब्धिलाई आधारमानी सो उद्देश्य पूरा गर्ने उद्देश्यले तोकिएका थिमगत विभिन्न पाठहरू निर्माण गरी विद्यार्थीको सक्षमता विकास गर्ने उद्देश्यले यो पाठ्यपुस्तक तयार पारिएको छ ।

प्रस्तुत पाठ्यपुस्तकमा थिमअनुसार विभिन्न पाठहरू निर्माण गरिएका छन् । थिम पेजमा सान्दर्भिक छलफल तथा थिमगत सिकाइउपलब्धि उल्लेख गरिएको छ । बालबालिकाको स्तरअनुसार रुचिपूर्ण होस् भनी चित्रात्मक प्रस्तुति, अभ्यासमा विविधता तथा क्रियाकलापमुखी पाठ निर्माण गरिएको छ । पाठ्यपुस्तकमा केही बाल स्केच तथा तस्बिरबाहेक प्रायः ठाउँका सबै फोटाहरू, विषय र सन्दर्भहरू, स्थान र विषयवस्तुहरू स्थानीयतामा आधारित छनोट गर्ने प्रयास भएको छ । पाठ्यपुस्तकका विषयवस्तु छनोट र स्तरणलाई पनि सकेसम्म ख्याल गर्ने प्रयास गरिएको छ । पाठ्यपुस्तक प्रयोगकर्ताले पाठसँग सान्दर्भिक विद्यार्थीका आफ्नै दैनिक जीवनसापेक्ष कक्षा क्रियाकलाप, अभ्यास र परियोजना कार्यहरू अनिवार्य गराएर तोकिएका सक्षमता हासिल गराउनु वाञ्छनीय हुने छ । मिहिनेतसाथ आफ्नो ज्ञान, सिप र दक्षता प्रयोग गर्दै पुस्तकका लागि आवश्यक पर्ने सामग्री आफैँ सम्बन्धित क्षेत्रमा पुगेर सङ्कलन गर्दै पाठ्यपुस्तक निर्माण तथा लेखन गर्ने लेखन समूहलाई विशेष धन्यवाद छ । पाठ्यपुस्तक निर्माणका क्रममा प्रयोग गरिएका र सहयोग लिइएका सूचना, तथ्याङ्क, स्रोत, सुझाव, तस्विर आदिका सर्जक तथा विभिन्न क्षेत्रका महानुभावहरूलाई पनि विशेष धन्यवाद व्यक्त गर्न चाहन्छौं । यो पाठ्यपुस्तकलाई आवश्यकताका आधारमा समयानुकूल परिमार्जन गर्दै लगिने छ ।

वि.सं. २०८१ — भोजपुर नगरपालिका, भोजपुर

# विषय सूची


थिम १ : भौगोलिक परिचय ........................................................................ १

पाठ १ : हाम्रो विद्यालय ........................................................................ २

पाठ २ : मेरो ठाउँका खोलानाला ........................................................................ ६

पाठ ३ : मेरो ठाउँका डाँडापाखा ........................................................................ १०

पाठ ४ : मेरो ठाउँका बाटोघाटो र सडक ........................................................................ १२

थिम २ : ऐतिहासिक, साँस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा ........................................ १५

पाठ १ : हाम्रा पुराना वस्तु ........................................................................ १६

पाठ २ : हाम्रो धर्म ........................................................................ १८

पाठ ३ : हाम्रा भेषभूषा ........................................................................ २१

पाठ ४ : हाम्रा बाजाहरू ........................................................................ २६

थिम ३ : जातजाति, भाषाभाषी र चाडपर्व ........................................................................ ३०

पाठ १ : हाम्रो घर परिवार ........................................................................ ३१

पाठ २ : छिमेकी चिनौँ ........................................................................ ३२

पाठ ३ : साथी चिनौँ ........................................................................ ३४

पाठ ४ : सहयोग गरौँ ........................................................................ ३६

पाठ ५ : हामीले बोल्ने भाषा ........................................................................ ३९

पाठ ६ : हाम्रा चाडपर्व ........................................................................ ४५

थिम ४ : आर्थिक क्रियाकलाप, स्थानीय पेसा, व्यवसाय र प्रविधि ........................................ ४८

पाठ १ : मेरो परिवारको आम्दानी ........................................................................ ४९

पाठ २ : बारीमा सुन्तला ........................................................................ ५१

पाठ ३ : मेरो परिवारको खर्च ........................................................................ ५४

पाठ ४ : पबिनाले बजारको खर्च टिप्दै जाँदा ........................................................................ ५५

पाठ ५ : मेरो परिवारको पेसा ........................................................................ ५८

पाठ ६ : हाम्रा पेसा ........................................................................ ६१

पाठ ७ : हाम्रा घरका औजार साथीहरू ........................................................ ६४

थिम ५ : स्थानीय संरचना र विशिष्ट व्यक्तित्व ................................................... ६८

पाठ १ : मेरो वडा ...................................................................................... ६९

पाठ २ : छिमेकी वडा ................................................................................ ७१

पाठ २ : मेरा अभिभावक............................................................................. ७३

पाठ ३ : मेरा अन्य मान्यजनहरू.................................................................. ७५

थिम ६ : स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि ................................. ७६

पाठ १ : स्थानीय पूर्वाधार चिनौँ .................................................................. ७७

पाठ २ : स्थानीय जनशक्ति ......................................................................... ८१

पाठ ३ : अभिभावकको फोन नम्बर जानौँ ....................................................... ८३

थिम ७. प्रकोप तथा बिपद् व्यवस्थापन ........................................................... ८६

पाठ १ : प्रकोप एवम् बिपद् चिनौँ................................................................. ८७

पाठ २ : बिपद्बाट बचौँ ............................................................................. ९१

थिम ८ : स्थानीय नैतिक मूल्य मान्यता ........................................................... ९४

पाठ १ : अभिवादन गरौँ............................................................................. ९५

पाठ २ : म ज्ञानी बन्छु................................................................................. ९६

# थिम १ : भौगोलिक परिचय





यहाँ दिइएको फोटो चिन्नुहोस् ।

**सिकाइ उपलब्धि :**

- आफू बसेको ठाउँको नाम बताउन,
- आफ्नो वरपरको खोलानाला, डाँडाकाँडा, बाटो चिन्न र नाम बताउन,

**पाठ्यघण्टा : १४**

# पाठ १ : हाम्रो विद्यालय




## हेरौं र गरौं :



### शिक्षकको सहयोगमा गीत गाऔँ :

आऔँ साथी चिनजान गरौँ तपाईँ कहाँबाट ?

भनौँ साथी आफ्नो ठाउँ, हाँसीखुसी साथ ।

मेरो घर त हेलौँछा हो, तपाई कहाँबाट ?

म त साथी गुप्तेश्वरको वाछालाबाट ।

हामी सबले आफ्नो ठाउँको नाम भनौँ है साथी,


सबै ठाउँ, सबै टोल, जान्नु कति जाती ।

चिनजान भयो राम्रो भयो सबैजना साथी,

धेरै पढौँ, धेरै जानौँ, हामी पुग्छौँ माथि ॥

### परिचय गरौँ :

**तपाइँहरू विद्यालयमा कहाँ कहाँबाट आउनु भएको छ ?**



## उत्तर भनौँ :

(अ) तपाईँको नाम के हो ?

(अ) तपाईँको आमा र बुबाको नाम के हो ?

(इ) तपाईँको विद्यालयको ठेगाना बताउनुहोस् ।

## हेरौँ र चिनौँ :





## उत्तर दिऔँ :

(अ) यी कुनकुन ठाउँ हुन् ?

(आ) यी ठाउँमा तपाईँ पुग्नुभएको छ ? तपाईँको गाउँ नजिकै कुनकुन गाउँ/बजार छन् ? बताउनुहोस् ।

## गीत गाऔँ :

### सबै हाम्रो, सबै राम्रो



डाँडाबोखिम, हेलौंछा र गुप्तेश्वर हाम्रो ।

सिद्धेश्वर, बोखिम हजुर पालुवा नि हाम्रो ॥

भोजपुर बजार, पोखरे हजुर, काफ्ले पनि हाम्रो ।

भैंसीपङ्खा, आम्तेक हजुर टक्सार पनि हाम्रो ॥

सबैसबै हाम्रो हजुर, हामी सबै राम्रो ।

(हो हो भोजपुर नगर राम्रो ॥)[२]

## उत्तर भनौँ :

(अ) तपाईंको गाउँको नाम के हो ?

(आ) तपाईं बस्नु भएको टोलको नाम के हो ?

# पाठ २ : मेरो ठाउँका खोलानाला

## हेरौँ र चिनौँ :

**पोखरी, खोला**





## उत्तर भनौँ :

(अ) यी फोटामा कुन खोला र कुन पोखरी हुन् ? चिन्नुहोस् ।

(आ) तपाईंको गाउँमा कुनकुन खोला छन् ?

(इ) भोजपुर नगरपालिकाभित्रको सबैभन्दा ठुलो खोला कुन हो ?

## हेरौँ र भनौँ :






(अ) **माथि दिइएका फोटाहरू के केका फोटा हुन् ?**


(आ) **यी कुन कुन ठाउँमा अवस्थित छन् ?**

## धर्का तानेर जोडा मिलाऔँ :

| अ | आ |
|---|---|
| खोला |  |
| बर्षात |  |

## हेरौँ, चिनौँ र छलफल गरौँ :





## फोटो हेरौँ र भनौँ :






## उत्तर भनौँ :

(अ) खेतमा सिँचाइ गर्न कहाँबाट पानी ल्याइन्छ ?

(आ) खेत र बारीमा के के फल्दछन् ?

## रङ भरौँ :



# पाठ ३ : मेरो ठाउँका डाँडापाखा

## गीत गाऔँ :



डाँडापाखा हरियाली फाँट कति राम्रो,

पहिचान देखाउने गाउँघर हाम्रो ।

हिमाल पनि देखिने सुन्दर अझ राम्रो,

पर्यटक नै लोभिने सुन्तले डाँडा हाम्रो ।

## उत्तर भनौँ :

तपाइँको घर नजिकै देखिने डाँडा र वनपाखाको नाम बताउनुहोस् ।

## ख. धर्का तानेर जोडा मिलाउनुहोस् ।

हरियाली 

हिमाल 

## चिनौँ र भनौँ :

लालीगुराँस, काफल, चिराइतो, डाँडापाखा










## उत्तर भनौँ :

(अ) तपाईंको गाउँघरमा के के नामका डाँडापाखा छन् ?

(आ) लालीगुराँस कहाँ पाइन्छ ?

## चित्रमा रङ भरौँ :



# पाठ ४ : मेरो ठाउँका बाटोघाटो र सडक

## चित्र हेरौँ र छलफल गरौँ :







## उत्तर भनौँ :

(अ) माथिको फोटोमा कुन पक्की, कुन कच्ची र कुन गोरेटो बाटो हो ? चिन्नुहोस् ।

(अ) तपाइँको गाउँमा कस्तो बाटोघाटो छ ?

(आ) तपाइँको गाउँमा कस्तो सडक छ ?

## पढौँ र भनौँ :



यो सडक भोजपुर देउरालीको हो ।

यो सडकमा जेब्राक्रस पनि छ ।

हामीले सडक जेब्राक्रसबाट पार गर्नुपर्छ ।

सडक भोजपुर नगरपालिका वडा नं. ६ मा पर्दछ ।

यो निक्कै ब्यस्त सडक हो ।

## उत्तर भनौँ :

(अ) यो कहाँको सडक हो ?

(आ) सडकमा जेब्राक्रस किन राखिएको होला ?

(इ) भोजपुर देउराली  सडक कुन वडा नं. मा पर्दछ ?

(ई) सडकमा सेतो धर्सा किन कोरिएको होला ?

## हेरौं र भनौं :










## उत्तर भनौं :

(अ) हामीले बाटो पार गर्दा के के कुरामा ध्यान दिनु पर्दछ ?


(आ) साथीहरू कुन ठाउँबाट बाटो पार गर्दै छन् ?

(इ) सडकमा के टाँगिएको छ ? किन होला ?

(ई) कसरी सडक पार गर्दा सुरक्षित हुन्छ ?

# थिम २ : ऐतिहासिक, साँस्कृतिक, धाार्मिक र पर्यटकीय सम्पदा

## छलफल गरौँ र चिनौँ :










**सिकाइ उपलब्धि :** **पाठ्यघण्टा : २८**

- आफ्नो घरको ऐतिहासिक सम्पदाहरूको नाम बताउन,
- आफ्नो घर र वरपरका मानिसले अपनाउने धर्मका नाम बताउन,
- आफ्नो घर र वरपरका मानिसले अपनाउने धर्मका धार्मिक स्थल बताउन,
- आफ्नो घरपरिवार र छिमेकमा प्रयोग गरिने भेषभूषा र गरगहनाको नाम बताउन,
- आफ्नो घर र छिमेकमा भएका स्थानीय बाजाहरूको नाम बताउन,


# पाठ १ : हाम्रा पुराना वस्तु


## हेरौँ र चिनौँ :
















धेरै पुराना बस्तुहरू ऐतिहासिक वस्तु हुन् । यी महत्त्वपूर्ण हुन्छन् । धेरै पुराना सिक्का, तक्मा, तमसुक, चर्खा, आदिलाई जतन गर्नुपर्छ ।

## चित्रमा देखिएको पुराना ऐतिहासिक वस्तुमा (√) लगाउनुहोस् ।













तपाईँले देख्नु भएको र घरमा भएका पुराना ऐतिहासिक वस्तुहरूको नाम भन्नुहोस् ।

# पाठ २ : हाम्रो धर्म

## गीत गाऔँ :

हिन्दू धर्म हामीले
मन्दिर गई पुजेको
किराँत धर्म हामीले
साकेला थानमा नाचेको ।





बुद्ध धर्म हामीले
गुम्बा गई ढोगेको
इसाइ धर्म हामीले
चर्चमा आई गाएको ।

धर्म हाम्रा कति राम्रा
सबै मिली मिली बसेको ।





## सबैले पालैपालो आफ्नो कुरा गरौँ :



म हिन्दू धर्म मान्छु ।
म पूजा गर्न मन्दिर जान्छु ।



..................................

..................................



..................................

..................................



..................................

..................................

## उत्तर भनौं :

(क) तपाइँ कुन धर्म मान्नु हुन्छ ?

(ख) तपाइँ पूजा वा प्रार्थना गर्न कहाँ जानु हुन्छ ?

## जोडा मिलाऔं :

















# पाठ ३ : हाम्रा भेषभूषा

## गीत गाऔँ :

दौरा सुरुवाल सारी चोलो
ब्राह्मण क्षेत्रीले लगाउने ।
हाकुपटासी र ढुङ्ग्री
नेवारलाई सुहाउने ।





फरिया चोली कल्लीले
राईलाई कत्ति राम्रो देखाउने ।
दाङ्रिल खान्जेप बख्खुले
शेर्पालाई सजाउने ।





तागी, स्यामा मुन्च तेतुङमा
तामाङ सबै रमाउने ।
छिटको सारी घलेक र कछाडमा
मगर सबै खुसाउने ।





आहा कत्ति राम्रो देखेको
हामी सबैको पोसाकले ।
आहा कति राम्रो सजाएको
हामी सबैको पोसाकले ।

### शिक्षकसँग छलफल गरी हेरौं र चिनौं :













ब्राह्मण क्षेत्रीले दौरा सुरुवाल र गुन्यु चोलो लगाउनुहुन्छ । नेवारले हाकुपटासी र दौरा सुरुवाल लगाउनुहुन्छ । राईले दौरा सुरुवाल गुन्यु चोलो लगाउनुहुन्छ । तामाङले स्यामा मुन्च र तेतुङ लगाउनुहुन्छ । मगरले छिटको गुन्यु र मखमली चोलो लगाउनुहुन्छ । गुरुङले घलेक र लिम्बूले मेख्ली तगाबा लगाउनुहुन्छ । शेर्पाले बख्खु, दोङरिङ लगाउनुहुन्छ ।

## खेल खेलौं :



म जातीय पोसाक दौरा
सुरुवाल लगाउँछु ।





....................................
....................................

....................................
....................................



**खेलको नियम : (शिक्षकका लागि)**

सबै विद्यार्थीहरूलाई गोलो हुन लगाई प्रत्येक बल दिई एक अर्कालाई बल पास दिने जसले बल पाउँछ, उसले गोलाको बिचमा आई आफूले लगाउने जातिगत पोसाक बताउने र जसले बल पास पाउँछ, उसलाई पुनः सोही प्रक्रियाबाट सबैलाई भन्न लगाउने ।

## आफूले लगाउने जातीय पोसाकसँग मिल्ने चित्रमा ठिक (√) लगाउनुहोस् :



















## उत्तर भनौं :

(क) तपाइँको समुदायले लगाउने पोसाकको नाम बताउनुहोस् ?

(ख) तपाइँलाई मनपर्ने पोसाक के के हुन् ?

(ग) तपाइँको छिमेकीले लगाउने पोसाकको नाम बताउनुहोस् ?

## तपाइँलाई मनपर्ने कुनै पोसाकको चित्र कोर्नुहोस् :

# पाठ ४ : हाम्रा बाजाहरू

## हेरौँ, चिनौँ र नाम भनौँ :


























पञ्चे बाजा, झ्याम्टा, धिमे बाजा, बाँसुरी, च्याब्रुङ, तबला, मादल, डम्फु, ढोल, सारङ्गी, टुङ्ना, बिनायो

## तपाईंको घरमा भएको वा छिमेकमा देख्नु भएका बाजाहरूको नाम भन्नुहोस् :

## हेरौँ र खेलौं :

नमस्कार, मेरो घरमा
मादल छ । तिहारमा मादल
बजाएर देउसी खेल्छौँ ।





नमस्कार, मेरो घरमा ........छ ।
..................................... ।

नमस्कार, मेरो घरमा .......
छ ।
.....................................





नमस्कार, मेरो घरमा ........छ ।
................................. ।

## जोडा मिलाऔँ :






















## खेल खेलौं :



**खेल नियम :**

सबै विद्यार्थीहरूलाई गोलो घेरामा राखी एउटा बेलुन वा बललाई पास गर्दै आफ्नो घर वा छिमेकमा देखेको बाजाको नाम भन्न लगाउनुहोस् ।

## तपाईँलाई मनपर्ने बाजाको चित्र बनाउनुहोस् :

# थिम ३ : जातजाति, भाषाभाषी र चाडपर्व



## गीत गाऔँ :

गाउँ हाम्रो फूलबारी
सबै बराबरी
पल्लो घर वल्लो घर
बस्छौँ मिलिजुली
जातजाति एउटै हामी
सबै साथी साथी
सँगै खेलौँ सँगैँ मिलौं
आऊ मेरा साथी ।

**सिकाइ उपलब्धि**

- आफ्नो घरपरिवार र छिमेकीको जातजाति बताउन,
- जातीय सद्भाव र सम्मान व्यक्त गर्न,
- आफ्नो घरमा र छिमेकमा बोलिने भाषाहरू चिन्न,
- आफ्नो मातृभाषा चिन्न,
- आफ्नो परिवार र छिमेकीले मनाउने चाडपर्वको नाम बताउन,

**पाठ्य घण्टा** : २०

# पाठ १ : हाम्रो घर परिवार

## परिवार चिनौं :






## उत्तर भनौं :

१. तपाईंको नाम के हो ?

२. तपाईंको घरमा कोको हुनुहुन्छ ?

३. तपाईंको नामको पछाडि थर के लेख्नुहुन्छ ?

# पाठ २ : छिमेकी चिनौँ



## गीत गाऔँ :

गाउँ हाम्रो फूलबारी
सबै बराबरी
पल्लो घर वल्लो घर
बस्छौं मिलिजुली ।



## उत्तर भनौँ :

१. फूलबारी जस्तो के छ ?

२. हामी कसरी बसेका छौं ?

३. मिलिजुली कोको बसेका छौं ?

४. हामी छिमेकमा कसरी बस्नुपर्छ ?

## साथीको कुरा सुनौँ र सँगै गरौँ :

रवि प्रधान मेरो नाम
दाँवा मेरो गाउँको नाम
छिमेकी चिन्ने मेरो काम
राई, क्षेत्री, ब्राह्मण, बि.क.
छिमेकी मेरा धेरै छन् ।





इन्दु क्षेत्री मेरो नाम
पैँयापानी गाउँको नाम
छिमेकी चिन्ने मेरो काम
नेवार, दर्जी, कपाली अन्य
छिमेकी मेरा धेरै छन् ।

फुर्बा शेर्पा मेरो नाम
हेलौँछा हो ठाउँको नाम
छिमेकी चिन्ने मेरो काम
गुरुङ, मगर, तामाङ अन्य
छिमेकी मेरा धेरै छन् ।



## उत्तर भनौँ र खोजौँ :

१. तपाईँको छिमेकमा बस्ने मानिसहरूको जातजाति बताउनुहोस् ?

२. तपाईँको छिमेकमा कुनकुन जातिका मानिसहरू बसोबास गर्छन् ?

३. तपाईँका छिमेकीहरूको नाम बताउनुहोस् ।

# पाठ ३ : साथी चिनौँ

नमस्कार !

मेरी साथीको नाम **डोल्मा** हो ।

उनी तामाङ जातिकी हुन् ।

उनको लिङ्ग महिला हो ।

विभिन्न जातजातिका भएपनि

मानिस सबै एउटै हौँ ।



## क्रियाकलाप गरौँ :

गोलो घेरामा बसौँ । सबै साथीको नाम, थर, ठेगाना र जातजाति पालैपालो बताऔँ । शिक्षकको सहायतामा बल पास गर्दै पालो निर्धारण गरौँ ।



**उत्तर भनौँ :**

१. तपाईँको नाम, थर र ठेगाना बताउनुहोस् ।

२. तपाईँको कक्षामा भएका सबै साथीहरूको नाम र थर बताउनुहोस् ।

**उपयुक्त रङ भरौँ :**





# पाठ ४ : सहयोग गरौँ


## गीत गाऔँ :

जातजाति एउटै हामी

सबै साथी साथी

सँगै खेलौं सँगैं मिलौं

आऊ मेरा साथी ।




नमस्कार साथीहरू !

म मेरो साथीहरूसँग मिलेर बस्छु ।

साथीको दु:खमा सधैँ सहयोग गर्छु ।

अरुलाई सहयोग गर्नु मानिसको धर्म हो ।

मान्छे कहिल्यै स्वार्थी हुनुहुँदैन, है ।



## उत्तर भनौँ :

१. माथिको चित्रमा कोको के गरिरहेका छन् ?

२. कस्तो अवस्थामा साथीलाई सहयोग गर्नुपर्छ ?

३. साथी र छिमेकीलाई किन सहयोग गर्नुपर्छ ?

४. तपाईँले क-कसलाई सहयोग गर्नुभएको छ ?

## चिनेर खाली ठाउँमा जातिको नाम भरौँ :

राई, ब्राह्मण/क्षेत्री, शेर्पा, नेवार, तामाङ, मगर, गुरुङ



................



................



................




................

## चिनेर खालीमा जातिको नाम ठाउँ भरौं :



................




................



................

# पाठ ५ : हामीले बोल्ने भाषा



**गीत गाऔँ :**

फरक जाति फरक भाषा
फरक मातृभाषा
स्कुलमा नेपाली बोल्छु
घरमा मेरै भाषा ।

## भनौँ र बोलौँ :

### मैले बोल्ने भाषा



मेरो मातृभाषा नेपाली हो,
म **नमस्कार** भन्छु ।
मेरो मातृभाषा राईबान्तावा हो,
म **सेवा** भन्छु ।
मेरो मातृभाषा शेर्पा हो,
म **टसिडेले** भन्छु ।
मेरो मातृभाषा तामाङ हो,
म **फ्याफुल्ला** भन्छु ।
मेरो मातृभाषा नेपालभाषा हो,
म **ज्वोज्वोलपा** भन्छु ।
मेरो मातृभाषा मगर हो,
म **भोर्ले** भन्छु ।
मेरो मातृभाषा दुङ्माली हो,
म **सेउ** भन्छु ।
मेरो मातृभाषा लिम्बू हो,
म **सेवारो** भन्छु ।

## उत्तर भनौँ :

१. कसले ज्वोज्वोलपा भन्छ ?
२. तपाईंको भाषामा नमस्कारलाई के भनिन्छ ?
३. तपाईं कहाँ बस्नुहुन्छ ?

## आमाले बोल्ने भाषा



आमाले बोल्न सिकाउनुहुन्छ ।

आमा शेर्पा भाषामा बोल्नुहुन्छ ।

मैले पनि आमासँगै सुरुमा शेर्पा भाषा सिकेँ ।

मैले सुरुमा सिकेको शेर्पा भाषा मेरो मातृभाषा हो ।

मैले नेपाली भाषा पछि सिकेँ । त्यसपछि अङ्ग्रेजी सिकेँ ।

नेपाली र अङ्ग्रेजी मेरा दोस्रो भाषा हुन् ।



**उत्तर भनौँ :**

१. तपाइँले सुरुमा सिकेको भाषा कुन हो ?

२. घरमा तपाइँ कुन भाषा बोल्नुहुन्छ ?

३. विद्यालयमा तपाइँ कुन भाषा बोल्नुहुन्छ ?

३. अङ्ग्रेजी तपाइँको मातृभाषा हो कि होइन ?

४. कुन भाषा तपाइँको मातृभाषा हो ?


## साथीले बोल्ने भाषा

**सुनौँ र भनौँ :**



झोर्ले/नमस्कार !
म अरुण मगर ।
म मगर भाषा बोल्छु ।
मेरो साथी गरिमा ।
उनी गुरुङ भाषा बोल्छिन् ।
साथी शीतलको मातृभाषा नेपाली हो । ऊ नेपाली बोल्छ ।

## क्रियाकलाप गरौँ :



गोलो घेरामा बसौँ पालैपालो
कक्षाका सबै साथीको नाम र
उसले बोल्ने मातृभाषा बताऔँ ।

## बोल्दै गरेका मानिसको चित्रमा रङ भरौँ :



## सँगै बोलौँ :

### पालैपालो गीत गाऔँ :

सेवा सेउ सेवारो है,
          फ्मोर्ले टसिडेले ।
ज्वोज्वोलपा छ्याजलो है,
          फ्याफुल्ला नमस्कार ॥



### क्रियाकलाप गरौँ :

**संवादात्मक जोडा मिलाउनुहोस्**

| शिक्षकले भन्ने | | विद्यार्थीले भन्ने |
|---|---|---|
| नेपाली भाषामा | – | नमस्कार |
| राईबान्तावा भाषामा | – | सेवा |
| मगर भाषामा | – | फ्मोर्ले |
| तामाङ भाषामा | – | फ्याफुल्ला |
| नेपाल (नेवारी) भाषामा | – | ज्वोज्वोजलपा |
| शेर्पा भाषामा | – | टसिडेले |
| लिम्बू भाषामा | – | सेवारो |
| दुङ्माली भाषामा | – | सेउ |
| गुरुङ भाषामा | – | छ्याजलो |

# पाठ ६ : हाम्रा चाडपर्व

## हेरौँ र चिनौँ र छलफल गरौँ :

तल दिइएका तस्विरहरू कुनकुन जातिका समुदायसँग सम्बन्धित छन् ? शिक्षकसँग छलफल गरी चिन्नुहोस् र भन्नुहोस् ।




लाखे नाच



साकेला / साकेन्वा



मारुनी नाच



सेलो नाच



च्याब्रुङ नाच




ल्होसार

## मेरो चाडपर्व



नमस्कार !

मेरो नाम भगवती विश्वकर्मा हो ।

म चाडपर्वका बारेमा बताउँदै छु ।

मेरो परिवारले मनाउने मुख्य चाड **दशैँ** हो ।

मेरा छिमेकीहरूले **ल्होसार** पर्व मनाउँछन् ।

अब तपाईँको पालो,

तपाईँले मनाउने मुख्य चाडपर्वको

नाम मलाई बताइदिनुहोस् न ।

### क्रियाकलाप गरौँ :

१. पालैपालो आफू र आफ्नो परिवारले मनाउने मुख्य चाडपर्वको नाम बताऔँ ।

२. साथीले बताएको चाडपर्वहरूको नाम सम्झेर भनौँ ।

### शिक्षकको सहायता लिई विभिन्न चाडपर्वको नाम बताउनुहोस् ।

| | | |
|---|---|---|
| दशैँ-तिहार, | उधौली-उभौली, | ल्होसार, |
| क्वाँटी पूर्णिमा | .................... | .................. |
| .................. | .................... | .................... |

### परियोजना कार्य :

आफ्नो छिमेकमा बस्ने मानिसहरूले मनाउने चाडपर्वहरूको नाम घरमा सोधेर ल्याउनुहोस् ।

## रङ भरौँ





# थिम ४ : आर्थिक क्रियाकलाप, स्थानीय पेसा, व्यवसाय र प्रविधि

## छलफल गरौँ :









**सिकाइ उपलब्धि:**

- आफ्नो परिवारको आम्दानी र खर्चको क्षेत्र बताउन,
- आफ्नो परिवारका सदस्याहरूको पेसा बताउन,
- आफ्ना घरमा प्रयोग हुने रैथाने प्रविधिहरू (जाँतो, ढिकी, ओखली, सेलरोटी पोल्ने, मोही पार्ने, बिस्कुन सुकाउने, दुनाटपरी गाँस्ने, गुन्द्रीसुकुल र पिरा बुन्ने) चिन्ने र नाम बताउन,

पाठ्य घण्टा : ३०

# पाठ १ : मेरो परिवारको आम्दानी

## चित्र हेरौँ र आम्दानीका विभिन्न स्रोतहरूका बारेमा छलफल गरौँ :


काउली खेती


अलैँची बगान


किवी खेती


फलफूल पसल


आँप खेती


गाई पालन



घर निर्माण सिप



श्रमिक



काठको काम



किसान रायो साग टिप्दै



शिक्षण पेसा



कार्यालय समय

## उत्तर भनौँ :

१. तपाईंको घरमा माथि जस्तै कुन कुन क्षेत्रको काम गर्ने मानिस हुनुहुन्छ ?

२. तपाईंलाई कुन पेसा मनपर्छ ?

## पाठ २ : बारीमा सुन्तला

### गीत गाऔँ :

तल हेर बारीमा,
सुन्तला छ पाकेको ।
किनेर लानलाई,
व्यापारीले मागेको ।



१



बुबाले व्यापारीलाई,
सुन्तला दिनु भो ।
व्यापारीले दिएको,
पैसा पनि लिनु भो ॥

२

आमाले त्यो पैसा,
थैलीभित्र राख्नु भो ।
खाँचो पर्दा बुबाले,
आमासित माग्नु भो ॥



३

### उत्तर भनौँ :

१. सुन्तला बेचेर के आयो ?

२. त्यस्तै पैसा आउने अरु के के चिज हुनसक्छन् ?

३. सुन्तला जस्तै तपाईंको घरमा कुनकुन फलफूल उत्पादन हुन्छ ?

## चित्र हेरी जोडा मिलाउनुहोस् :



पैसा



सुन्तला



लसुन



मुला



रुद्राक्ष




भुँइकटहर



कागती

## सुनौं, पढौं र भनौं :

तिम्रो बुबा के काम गर्नुहुन्छ, विजय ?



सविना, मेरो बुबा विद्यालयमा काम गर्नुहुन्छ ।

बुबाले तिमीलाई के किन्दिनुहुन्छ ?



बुबाको पैसा आएको बेलामा मलाई लुगा अनि मीठा खानेकुरा किन्दिनुहुन्छ ।

तिम्रो नि बुबा के काम गर्नुहुन्छ नि आरती ?





मेरो बुवा त जागिर खानुहुन्छ । हिजो आमाले बुवाले दिनुभएको पैसाले म र भाइलाई नयाँ जुत्ता, झोला अनि लुगा किनिदिन भएको छ ।

तपाईंहरूको बुबा र आमा चाहिँ के के काम गर्नुहुन्छ नि ? ...



# पाठ ३ : मेरो परिवारको खर्च

## चित्रहरू हेरौँ र खर्चका विभिन्न क्षेत्रका बारेमा छलफल गरौँ :



पसल


लुगा कपडा


केरा


कापी कलम


खाना


खाजा

## पालैपालो बोलौँ :

(अ) तपाईंको घरमा खर्च हुने क्षेत्रहरू पालैपालो बताउनुहोस् ।

(आ) खर्च गर्नका लागि आम्दानी आवश्यक पर्छ कि पर्दैन ?

# पाठ ४ : पबिनाले बजारको खर्च टिप्दै जाँदा

## तलको पाठ पढौँ र बुझौँ :

आज पबिना बुबासित बजार गइन् । बुबाले सामान किन्नुभयो । किनेको सामानको पैसा कति लाग्यो पबिनालाई टिप्न लाउनु भयो । उनले सबै सामानको खर्च टिप्दै गइन् :



स्याउ → रु. २५०



आलु → रु. १००



केरा → रु. १४०



कापी → रु. ३४०

बाबाको सहयोगमा आजको खर्च क्यालकुलेटरमा जोडेर जम्मा रु. ८३० जम्मा खर्च भएको पबिनाले हिसाब निकाली ।

## हामी सबैको घरको खर्च बताऔँ :



आमाले पसलबाट घरमा
सामान ल्याउनुहुन्छ ।
त्यसको पैसा तिर्नुपर्छ ।



बिजुलीको पैसा आमाले
तिर्नु भयो । मोबाइलमा
बोल्न रिचार्ज चाहिन्छ ।
रिचार्ज पनि किनेर
ल्याउनुहुन्छ ।

तपाईँहरूको
आमाबुवाले के के
काममा पैसा
तिर्नुहुन्छ ?

## खाली ठाउँमा मिल्दा शब्द भर्नुहोस् :

**(भाडा, रिचार्ज कार्ड, पैसा)**

(क) मोबाइलमा बोल्न ................लाउनु पर्छ ।

(ख) बसको यात्रामा पनि ........ तिर्नुपर्छ ।

(ग) पसलबाट कापी ल्याउन पसलेलाई ............. दिनुपर्छ ।

तपाईँका लागि हालसालै बजारबाट किनिएको कुनै सामानको चित्र बनाई रङ भर्नुहोस् :

# पाठ ५ : मेरो परिवारको पेसा

तलका चित्र हेरौँ र छलफल गरौँ :




कुलो



धानको बिउ



धानखेत



फर्निचरमा काम गरिरहेका मानिस



शिक्षण गरिरहेकी गुरुआमा



कार्यालयमा काम गर्दै

## गीत गाऔँ :



आमा खेतामा जानुभो,
धानको बिउ छर्नलाई ।
बाले कुलो ल्याउनु भो,
खेतमा पानी भर्नलाई ॥



धान मकै फलाउने,
किसानको काम रैछ ।
धान मकै फलाई,
सबले खाने माम रैछ ।



दाजु बिहान नौ बजे,
अफिसमा हाजिर छ ।
कम्प्युटरमा काम गर्ने,
बैङ्कमा जागिर छ ॥



काकाकाकी पसलमा,
सामानहरू मिलाउँदा ।
खुशी हुनुभो साँझमा,
पैसा लिई घर आउँदा ॥

### उत्तर भनौँ:

क) आमा कहाँ जानु भयो ?

ख) खेतमा कुलको पानी कसले ल्याउनु भयो ?

ग) दाजुको जागिर कहाँ छ ?

घ) काकाकाकी के काम गर्नुहुन्छ ?

ङ) तपाईंका आमाबुबा कुन पेसा गर्नुहुन्छ ?

**जोडा मिलाऔँ :**



खेतको काम



कम्प्युटरको काम



आरनको काम



पसलको काम



निर्माणको काम

# पाठ ६ : हाम्रा पेसा

## क. चित्र हेरौँ र छलफल गरौँ :



**अलैंची बगान**



**रुद्राक्षको फल**



**खुकुरी आरन**



**बैङ्कमा कारोबार गर्दै**



**गाडी चलाउँदै चालक**



तरकारी बेच्दै स्थानीय कृषक



थुन्से तयार गर्दै

## ख. पाठ सुनौँ, बुझौँ र छलफल गरौँ :

संगीत राईको घर भोजपुर गुप्तेश्वर हो । संगीतको बुबाले अलैँची फलाउनु हुन्छ । बुबाले अलैँचीको पैसा पाउनुहुन्छ । निराजन वि.क.को घर भोजपुर, डाँडाबोखिम हो । उसको घरको बारीमा धेरै सुन्तला फल्छ । त्यो सुन्तला खान र बेच्न पनि पुग्छ । सुन्तला बेच्दा पैसा आउँछ । अभिशेक श्रेष्ठको घर भोजपुर बजारमा पर्छ । उसको आमाको पसल छ । आमाले पसलका सामान बेच्नुहुन्छ । सामान बेचेर पैसा पाइन्छ । रोसमान भुजेलको घर भैँसीपंखा हो । उसको बुबा विदेशमा हुनुहुन्छ । उसका बुबा सुपर भाइजर हुन् । उनका बुबाले विदेशबाट पैसा पठाउनुहुन्छ ।

क्रियाकलाप :

### पाठ सुनेर जोडा मिलाऔँ :

पसल



अलैँची





अदुवा

वैदेशिक रोजगारी



### ठिक बेठिक छुट्याएर भनौँ :

क) संगीतको बुबाले अलैँची फलाउनु हुन्छ ।

ख) पसलका सामान बेचेर पैसा पाइँदैन ।

ग) रोसमानका बुबा विदेशमा सुपरभाइजर हुनुहन्छ ।

ग) किसानले खेतीपातीका काम गर्छन् ।

घ) पेसाबाट हामी आम्दानी गर्छौं ।

# पाठ ७ : हाम्रा घरका औजार साथीहरू

## क. चित्र हेर्नुहोस् र भन्नुहोस्



ढिकी



रोटी पकाउने पिठो



सेल रोटी



जाँतो



ओखलीमा चिउरा कुट्दै



चिउरा



ओखली





टपरी गाँस्दै



टपरा



दुनो



मोही पार्दै



नौनी



डोको बुन्दै



डोको



गुन्द्री बुन्दै



गुन्द्री



गुन्द्रुक



गुन्द्रुकबाट बनाइएको अचार



सिन्की



सिन्कीबाट बनाइको अचार



बिस्कुन सुकाएको



परालबाट बुनिएको पिरा

चित्रसँग शब्द पढेर तलका जोडा मिलाउनुहोस् :

क) जाँतो



ख) ढिकी





ग) ठेकी



घ) दुना

ङ) मदानी



च) टपरी



# थिम ५ : स्थानीय संरचना र विशिष्ट व्यक्तित्व









सिकाइ उपलब्धि : पाठ्यघण्टा : १८

- आफू बसेको वडा नं. बताउन
- आफ्ना छिमेकी वडाहरू चिन्न
- आफ्नो बाबु, आमा, अन्य अभिभावक तथा छिमेकका मान्नुपर्ने व्यक्तिहरूको नाम बताउन

# पाठ १ : मेरो वडा




## गीत गाऔँ

डाँडाबोखिम एक हो नि, हेलौँछा त दुई ।

गुप्तेश्वर तीन पऱ्यो, सिद्धेश्वर चार ॥

बोखिम हो नि पाँच हजुर, पालुवा त छ ।

भोजपुर बजार सात पऱ्यो, पोखरे त आठ ॥

काफ्ले हो नि नौ नम्बर, भैँसीपङ्खा दस ।

आम्तेक पऱ्यो एघार त, टक्सार बजार बाह्र ॥

(हाम्रो वडा, राम्रो वडा, जम्मा बाह्र वडा)[२]

## उत्तर दिऔँ :

(अ) तपाईं कुन वडामा बस्नु हुन्छ ?

(आ) भोजपुर नगरपालिकामा कतिओटा वडा छन् ?

## धर्का तानेर जोडा मिलाऔँ :

| वडा नं. | टोलको नाम |
|---|---|
| एक | सिद्धेश्वर |
| दुई | गुप्तेश्वर |
| तीन | डाडाँबोखिम |
| चार | हेलौंछा |
| पाँच | भोजपुर बजार |
| छ | बोखिम |
| सात | पालुवा |

# पाठ २ : छिमेकी वडा

## पढौं र भनौं :



दोर्जे तामाङ वडा नं.९ काफ्लेमा बस्छन् ।

अनुसा श्रेष्ठ वडा नं. ७ बिच बजारमा बस्छिन् ।

दोर्जे तामाङ र अनुसा श्रेष्ठ दुवै छिमेकी वडाका साथी हुन् ।





कमला दर्जी वडा नं. ३ गुप्तेश्वरमा बस्छिन् ।

मनिषा नेपाली वडा नं. ४ सिद्धेश्वरमा बस्छिन् ।



कमला दर्जी र मनिषा नेपाली दुबै छिमेकी वडाका साथी हुन् ।

## उत्तर दिऔं :

(अ) दोर्जे तामाङ कुन वडामा बस्दछ ?

(आ) अनुसा कुन वडामा बस्छिन् ?

(इ) मनिषा नेपालीको छिमेकी वडा कुन हो ?

(ई) तपाईँको छिमेकी वडा कुन हो ?

**धर्का तानेर छिमेकी वडा जोडा मिलाऔँ :**

| | |
|---|---|
| गुप्तेश्वर | भोजपुर बजार |
| काफ्ले | सिद्धेश्वर |

# पाठ २ : मेरा अभिभावक

## चित्रमा के के देख्नुहुन्छ ? छलफल गर्नुहोस् ।







## गीत गाऔँ

हाम्रा अग्रजहरू
हजुरबा र हजुरआमा,
जन्मदिने हाम्रा भगवान
बाबा अनि आमा ।






शिक्षा दिने गुरु अनि गुरुआमाहरू,
संसारलाई चिनाउने हाम्रा पुस्तकहरू ।
शिक्षा लिने पाठशालामा कति घमाइलो,
साथीसाथी मिली पढौँ हुन्छ रमाइलो ॥

## उत्तर भनौँ

(अ) हाम्रा अग्रजहरू को को हुन् ?

(आ) भगवान कसलाई भनिएको छ ?

(इ) हामीले शिक्षा को कोबाट पाउँछौँ ?

(ई) संसारलाई केले चिनाउँछ ?

(उ) तपाईँको हजुरआमा र हजुरबुबाको नाम बताउनुहोस् ।

## चित्र हेरौँ, भनौँ र छलफल गरौँ

















# पाठ ३ : मेरा अन्य मान्यजनहरू

## पढौँ र भनौँ



राजु गुरुङको बाजे ८५ बर्ष पुग्नु भयो ।

उसको छिमेकी बाजे ८३ वर्ष पुग्नु भयो ।

बाजेहरूले विद्यालय स्थापना गर्नु भएको हो ।



उहाँहरू हामीलाई राम्रो पढ्नु भन्नु हुन्छ ।

उहाँहरू हाम्रो प्रेरणाका स्रोत हुनुहुन्छ ।

उहाँहरूलाई हामीले भुल्नु हुँदैन ।

## उत्तर दिऔँ

(अ) तपाइँको छिमेकी बाजे र बज्यैको नाम भन्नुहोस् ।

(आ) तपाइँ मान्यजनलाई कसरी आदर गर्नु हुन्छ ?

## चित्र हेरौँ र छलफल गरौँ



# थिम ६ : स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि



**सिकाइ उपलब्धि :**

- स्थानीय स्तरका विभिन्न पूर्वाधारहरूको पहिचान गर्न,
- पूर्वाधार क्षेत्रको विकासमा आवश्यक जनशक्तिको नाम बताउन,
- आफ्ना अभिभावकहरूको सम्पर्क फोन नम्बर बताउन,

**जम्मा कार्यघण्टा :** २०

# पाठ १ : स्थानीय पूर्वाधार चिनौँ

## तलको चित्र हेरी छलफल गरौँ :



## शिक्षकसँगै पढौँ :

माथिको चित्रमा भोजपुर बजार देखाइएको छ। यहाँ ठूला ठूला धेरै घरहरू छन्। यहाँ मोटर गुड्ने बाटो पनि छ। मोटर गुड्ने बाटोलाई सडक भनिन्छ। यहाँ पढ्नका लागि विद्यालय र क्याम्पसहरू पनि छन्। बिरामी हुँदा उपचार गर्न अस्पतालहरू छन्। भोजपुर बजारको नजिकै टक्सारमा विमानस्थल छ। यहाँबाट हवाइजहाज चढ्न सकिन्छ। अलि तल पिखुवा खोलामा पानीबाट बिजुली निकालिएको छ। भोजपुर बजारमा खेल खेल्नका लागि रङ्गशाला र कवर्ड हलहरू पनि छन्। यहाँ खानेपानी, बिजुली, टेलिफोन जस्ता सुबिधाहरू पनि छन्। यीबाहेक अरु पनि धेरै पूर्वाधारहरू यहाँ बनिरहेका छन्।

## तलका प्रश्नहरूको उत्तर भनौं :

(क) चित्रमा देखाइएको बजारको नाम के हो ?

(ख) पढ्नका लागि कहाँ जानुपर्छ ?

(ग) विमानस्थलमा के गर्न सकिन्छ ?

(घ) रङ्गशाला के काममा प्रयोग गरिन्छ ?

(ङ) भोजपुर बजारमा भएका पूर्वाधारहरूका नाम भन्नुहोस् ।

## मिल्ने शब्द छानेर खाली ठाउँ भरौं :

**बिजुली पूर्वाधार घरहरू अस्पताल सडक**

(क) भोजपुर बजारमा ठूला ठूला ........................ छन् ।

(ख) .............................. मा गाडीहरू गुड्छन् ।

(ग) बिरामीको उपचार गर्न ............................ जानु पर्छ ।

(घ) पानीबाट ............................ निकाल्न सकिन्छ ।

(घ) गाउँमा भन्दा सहरमा धेरै ............................... हरू हुन्छन् ।

## उत्तर भनौं :

(क) तपाईंको विद्यालय वरपर के कस्ता सुविधाहरू छन् ? आफ्ना साथीहरूसँग छलफल गरी भन्नुहोस् ।

(ख) तपाईंको घर वरपर अरु केके सुविधा भए हुन्थ्यो होला ? शिक्षकलाई सुनाउनुहोस् ।

## चित्र हेरौँ र चिनौँ




विमानस्थल




पक्की सडक



रङ्गशाला



जलविद्युत आयोजना




विद्यालय



अस्पताल



खानेपानी आयोजना



टेलिफोन टावर

विद्यालयको चित्रमा रङ भरौं :



# पाठ २ : स्थानीय जनशक्ति

## तलका चित्र हेरौँ र शिक्षकसँगै पढौँ :



म शिक्षक हुँ । म शिक्षा क्षेत्रको जनशक्ति हुँ । म विद्यालयमा काम गर्छु । म विद्यार्थीहरूलाई पढ्न लेख्न सिकाउँछु ।

म डाक्टर हुँ । म स्वास्थ्य क्षेत्रको जनशक्ति हुँ । म अस्पतालमा काम गर्छु । मेरो काम बिरामीहरूको उपचार गर्नु हो ।






म इन्जिनियर हुँ । म निर्माण क्षेत्रको जनशक्ति हुँ । म निर्माण कम्पनीमा काम गर्छु । म बाटो, पुल, भवन आदिको नक्सा तयार पार्छु ।

म पाइलट हुँ । म यातायात क्षेत्रको जनशक्ति हुँ । म हवाइ कम्पनीमा काम गर्छु । मेरो काम हवाइजहाज उडाउनु हो ।



## तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :

(क) शिक्षकले कहाँ काम गर्छन् ?

(ख) डाक्टर कुन क्षेत्रका जनशक्ति हुन् ?

(ग) इन्जिनियरले के काम गर्छन् ?

(घ) पाइलटको काम के हो ?

(ङ) पाठमा दिइएकाबाहेक अन्य जनशक्तिका नाम शिक्षकलाई सुनाउनुहोस् ।

## जनशक्ति र क्षेत्रको जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| शिक्षक | कृषि |
| ड्राइभर | स्वास्थ्य |
| इन्जिनियर | शिक्षा |
| भेटेरिनरी डाक्टर | यातायात |
| नर्स | निर्माण |

## आफ्ना अभिभावक वा शिक्षकको सहयोगमा स्थानीय जनशक्तिको नाम लेख्नुहोस्:

(क) ................................ (ख) ...................................

(ग) ................................ (घ) ...................................

(ङ) ............................... (च) ...................................

# पाठ ३ : अभिभावकको फोन नम्बर जानौँ

**तलको चित्र हेरी छलफल गरौँ :**



## शिक्षकसँगै पढौँ

पारुहाङ श्री लक्ष्मी मा.वि. आम्तेकमा कक्षा १ मा पढ्छन् । एकदिन उनी आफ्नी आमासँग शनिबारे हटिया भर्न भोजपुर बजार आएका थिए । आमा सामान बेच्न व्यस्त हुनुहुन्थ्यो । पारुहाङ आमाको आँखा छलेर भोजपुर बजार घुम्न निस्किए । घुम्दाघुम्दै उनले हटिया फर्किने बाटो भुले । त्यसपछि उनी टुँडिखेल छेउमा बसेर रुन थाले । नजिकै बस्ने प्रहरीले उनलाई रोएको देखेर नजिक आएर सोधे । उनले बाटो भुलेको कुरा सुनाए । पारुहाङले आमाको फोन नम्बर प्रहरीलाई दिए । प्रहरीले आफ्नो फोनबाट आमालाई फोन गरेर बोलाइदिए । हराएको छोरो पाएर आमा खुशी हुनुभयो । पारुहाङ पनि आमालाई भेटेर मख्ख परे ।



## तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :

(क) पारुहाङ भोजपुर बजार किन आएका थिए ?

(ख) पारुहाङ आमाको आँखा छलेर कता निस्किए ?

(ग) पारुहाङ किन रुन थाले ?

(घ) आमा भेट्न पारुहाङलाई कसले सहयोग गऱ्यो ?

(ङ) पारुहाङलाई आमाको फोन नम्बर थाहा नभएको भए के हुन्थ्यो होला ?

## ठिक बेठिक छुट्याउनुहोस् :

(क) पारुहाङ कक्षा १ मा पढ्छन् ।

(ख) भोजपुर बजारमा शनिबार हटिया लाग्छ ।

(ग) हामीले आमाबुबाको आँखा छलेर घुम्न जानुपर्छ ।

(घ) पारुहाङ रोएको देखेर प्रहरीले गाली गरे ।

(ङ) पारुहाङलाई आमाको फोन नम्बर थाहा थियो ।

## अभिभावकलाई सोधेर तलको खाली ठाउँमा फोन नम्बर लेख्नुहोस् :



.............................................. बुबाको फोन नम्बर

आमाको फोन नम्बर ..............................................



आफ्नो बुबा वा आमाको फोन नम्बर शिक्षकलाई सुनाउनुहोस् ।

आफूलाई थाहा भएका सञ्चारका माध्यममा ठिक चिह्न (✓) लगाउनुहोस् :

| | | | |
|---|---|---|---|
|  | ☐ |  | ☐ |
|  | ☐ |  | ☐ |
|  | ☐ |  | ☐ |
|  | ☐ |  | ☐ |

# थिम ७. प्रकोप तथा बिपद् व्यवस्थापन




**सिकाइ उपलब्धि :**

- घर तथा विद्यालय वरपर घट्ने बिपद्हरूका नाम बताउन,
- बिपद्बाट सुरक्षित हुने उपायहरू बताउन,

**जम्मा कार्यघण्टा : १६**

# पाठ १ : प्रकोप एवम् बिपद् चिनौँ

## तलको चित्र हेरी छलफल गरौँ :



## शिक्षकसँगै पढौँ

दावा र निशा श्री धापखर्क प्राथमिक विद्यालयमा कक्षा १ मा पढ्थे । उनीहरू एक अर्काका छिमेकी थिए । शनिबारको बिदाका दिन उनीहरू जङ्गल नजिकै खेल्दै थिए । अकस्मात जङ्गलमा आगलागी भयो । दावा रमाइरमाइ आगलागी भएको हेर्न थाल्यो । निशाले दावालाई सम्झाउँदै भनी, "हामीले आगलागी, बाढी, पहिरो जस्ता बिपद्बाट आफै सुरक्षित हुनुपर्छ । त्यसैले हामी यहाँबाट भागौँ ।"

एकछिन पछि हावाहुरी र चट्याङसहित ठुलो बर्षा भयो । उनीहरू नजिकैको गोठमा लुके । बर्षाका कारण जङ्गलको आगो पनि निभ्यो । बर्षा रोकिएपछि उनीहरू घरतिर लागे । बर्षाका कारण बाटोभरी ठाउँ ठाउँमा पहिरो गएको थियो । उनीहरू एक अर्काको हात समात्दै बल्ल घर पुगे ।

## तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :

(क) दावा र निशा कहाँ खेल्दै थिए ?

(ख) दावाले रमाउँदै के हेर्‍यो ?

(ग) निशाले दावालाई सम्झाउँदै के भनी ?

(घ) यदि बर्षा नभएको भए के हुन्थ्यो होला ?

(ङ) निशा र दावाले किन एक अर्काको हात समातेर घरतिर लागे ?

## शब्द र चित्रको जोडा मिलाउनुहोस् :

आगलागी



हावाहुरी



पहिरो



बाढी



चट्याङ



### ठिक बेठिक छुट्याउनुहोस् :

(क) दावा कक्षा २ मा पढ्छ ।

(ख) निशाको विद्यालयको नाम धापखर्क प्राथमिक विद्यालय हो ।

(ग) दुर्घटनाबाट बच्न सावधानी अपनाउनुपर्छ ।

(घ) हामीले आगोसँग खेल्नुपर्छ ।

(ङ) बिपद्को बेला हामीले एकअर्कालाई सहयोग गर्नुपर्छ ।

### तलको अवस्थामा के गर्नुपर्छ ? जोडीमा छलफल गरी कक्षामा सुनाउनुहोस्:

(क) घरमा आगलागी हुँदा ...............

(ख) चट्याङ पर्दा ....................

(ग) हिउँ पर्दा ......................

(घ) भुइँचालो जाँदा ...................

(ङ) खोलामा बाढी आउँदा ................

(च) हावाहुरी आउँदा

### घ. तपाइँको घर र विद्यालय वरपर घट्न सक्ने प्रकोप तथा बिपद्का नाम लेख्नुहोस् ।

(क) ................................ (ख) ....................................

(ग) ................................ (घ) ....................................

(ङ) ............................... (च) ....................................

पानी परेको दिन झल्कने तलको चित्रमा उपयुक्त रङ भर्नुहोस् :



# पाठ २ : बिपद्बाट बचौँ

## गीत गाऔँ :



आऊ साथी मिलिजुली बिपद्बारे जानौँ,
बाढी आउँदा खेल्ने हैन भाग्नुपर्छ ठानौँ ।



भुकम्पमा सबैजना जोगिएकै जाती,
खुल्ला ठाउँ खोज्नुपर्छ जाने हैन माथि ।



हावाहुरी असिनाले गर्नसक्छ क्षति,
आफू बुझि साथीलाई बुझाइदेऊ त्यति ।



आगोसँग खेल्यौ भने आगो लाग्न सक्छ,
बिपद् आउँदा एकअर्कालाई साथ दिनु पर्छ ।

**अभ्यास**

**तलका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) माथिका चित्रमा कस्ता बिपद् देखाइएका छन् ?

(ख) हामीले बाढी आउँदा के गर्नुपर्छ ?

(ग) भुकम्प आउँदा किन खुला ठाउँमा जानुपर्छ ?

(घ) हावाहुरीले कस्ता कस्ता क्षति गर्न सक्छ ?

(ङ) के गर्दा घरमा आगो लाग्न सक्छ ?

**तपाईँले कुनै काम गर्दा चोटपटक लागेको छ कि छैन, छ भने कसरी चोटपटक लाग्यो, साथीलाई सुनाउनुहोस् ।**

हामीले के के काम गर्दा होसियार हुनुपर्छ ? साथीसँग छलफल गर्नुहोस् ।

चित्र हेरी गर्न हुने काममा ✓ र गर्न नहुने काममा ✗ चिह्न लगाउनुहोस् :

















ङ. शिक्षकको सहयोगमा कुनै एक बिपद्बाट बच्ने उपायहरूको कृत्रिम अभ्यास गर्नुहोस् ।

च. चित्र हेरी छलफल गरौँ ।



# थिम ८ : स्थानीय नैतिक मूल्य मान्यता



**सिकाइ उपलब्धि :**

- आफ्नो घर परिवार र विद्यालयमा शिष्टाचार सहित अभिवादनको प्रयोग गर्न,
- आफूँले पालना गर्नुपर्ने सामान्य व्यक्तिगत आचरणहरू बताउन,

**पाठ्यघण्टा : १४**

# पाठ १ : अभिवादन गरौँ

## अभिनय गरौँ :





ढोग गर्छौं हामी

हजुरआमा र हजुरबुबा

आमा अनि बाबा







नमस्कार गर्छौं हामी

गुरू र गुरूआमा

## हेरौँ र लेखौँ :





(अ) चित्रले के सङ्केत गर्दछ ?

उत्तर : .........................................................................।

(अ) उनीहरू के गरिरहेका छन् ?

उत्तर : .........................................................................।

# पाठ २ : म ज्ञानी बन्छु

## गीत गाऔँ :

ज्ञानी बन्छौँ, हामी नानी, असल पनि बन्छौँ
घर अनि स्कुलमा, हामी ज्ञानी हुन्छौँ ।

नुहाउछौँ, सफा हुन्छौँ, कोरीबाटी गर्छौं
खाना अघि, खाएपछि, साबुनले हात धुन्छौँ ।

सफा पिउँछौँ, ताजा खान्छौँ, निरोगी बन्छौँ
सानासाना नानी हामी, हाँसीखुसी हुन्छौँ ।

पढ्छौँ हामी, सिक्छौँ हामी, कति राम्रो बानी
खेल्छौँ हामी, नाच्छौँ हामी, सानासाना नानी ।

## उत्तर भनौँ :

१. हामी नानी कस्तो बन्छौँ ?

२. हामी हात कहिले कहिले धुन्छौँ ?

३. हामीले कस्तो पानी पिउनु पर्दछ ?

४. हामी सानासाना नानी के गर्छौं ?

## ख. हेरौँ, चित्रमा भएको र आफ्नो बानी कति मिल्छ भनौँ :











## परियोजना कार्य :

(अ) आफूलाई मनपर्ने कुनै पाँचओटा चित्र कोरेर रङ भरेर ल्याउनुहोस् ।